# प्रभु येशू ख्रीट को हुनुहुन्छ ?

आदरणीय पाठक मित्र, तपाईंले निम्न प्रश्नहरूका जवाफहरू आफ्नो सुविधा अनुसार ईमेलमा एटेच गरी वा हुलाको माध्यमद्वारा हाम्रो ठेगानामा प्रेशित गर्नसक्नु हुनेछ ।

# पाठ १

यो शिक्षाक्रमको अध्ययन प्रभु येशूको प्रेरित यूहन्नाले लेखका प्रभु येशू ख्रीष्टको सुसमचार नामक पुस्तकबाट गरिन्छ । यो पाठ्यक्रम तीन भाग गरी अध्ययन गरिन्छ । सुसमचार भनेको परमेश्वरको खुशीको खबर हो; किनभने यस समाचारमा परमेश्वरले हामी पापीहरूलाई कसरी मुक्ति दिनुहुन्छ, सो बताइएको छ । यो मुक्ति प्रभु येशूमा छ; यसैले सुसमाचार प्रभु येशू ख्रीष्टको बारेमा हो । प्रभु येशू ख्रीष्ट को हुनुहुन्छ, सो जान्नु परेको छ; उहाँले के के गर्नुभएको छ र भन्नुभएको छ, सो बुझ्नुपरेको छ । यसकारण प्रभु येशूको साथसाथ हिँड्ने र प्रभुबाट चुनिएको चेला यूहन्नाले यी कुराहरू विश्वासयोग्यतासाथ लेखेर जस्ताको तस्तै आफ्नो विवरण बताउँछन् । उनले लेखेको उद्देश्य यही हो-

**साँच्ची नै येशूले आफ्ना चेलाहरूको सामु अरू धेरै चिन्हरू देखाउनुभयो, जो यस पुस्तकमा लेखिएका छैनन्; तर येशू नै परमेश्वरको पुत्र ख्रीष्ट हुनुहुन्छ भनी तिनीहरूले विश्वास गर्न सक र विश्वास गरेर उहाँको नाममा जीवन पाओ भनेर यीचाहिँ लेखिएका हुन् ।**

यो सुसमाचारको पुस्तकको अध्ययनमा परमेश्वरले तपाईंलाई सहायता गरून् र तपाईंले येशू ख्रीष्टको जीवनमा घटेका घटनाहरूको अर्थ बुझेर प्रभु येशूको महानता देख्न सक्नुभएको होस् ।

## ❖ येशू ख्रीष्ट परमेश्वरको पुत्र - यूहन्ना १:१-१८

शुरुमा परमेश्वर हुनुहुन्थ्यो र उहाँबाट नै सबै हुन आए भन्ने कुरा मुख्य छ । यो कुर इन्कार गर्ने मानिस अन्धकारमा छ । अन्धकारमा हुने प्रत्येकलाई ज्योति दिनको निम्ति यही अनन्त परमेश्वर आफै मानिस भएर संसारमा हाम्रो माझमा बस्न आउनुभयो । जसरी मानिसबट जन्मिएको हरेक छोरा आफ्नो बुवाको स्वरुप हुन्छ, त्यसरी प्रभु येशू परमेश्वरको स्वरुप हुनुहुन्छ । यसकारण येशूले मात्र म परमेश्वरको पुत्र हुँ भनी दाबी गर्न सक्नुहुन्छ, किनभने उहाँ परमेश्वरको एकमात्र पुत्र र स्वरुप हुनहुन्छ । उहाँले परमेश्वरलाई आफ्ना पिता भन्नुहुन्थ्यो । सृष्टिको समयमा उहाँ परमेश्वरसँग हुनुहुन्थ्यो र परमेश्वरबाट निस्केर आउनुभयो । उहाँ आफै परमेश्वर हुनुहुन्थ्यो । यसैले संसारमा हुँदा प्रभु येशूले यही अनन्त परमेश्वरलाइ प्रकट गर्नुभयो । हामीले उहाँको महिमा देख्यौं भनी लेखक यूहन्नाले आफ्नो गवाही दिए । यो पुस्तकबाट अध्ययन गरेपछि के तपाईंले पनि यो भन्नुहुन्छ ?

### क) येशू ख्रीष्ट परमेश्वरको अनन्त वचन हुनुहुन्छ - यूहन्ना १:१-३

प्रभु येशू परमेश्वरको नित्य जीवित रहने वचन हुनुहुन्छ । परमेश्वरले प्रभु येशूद्वारा सबै कुराहरू सृष्टि गर्नुभयो । यो वचन शक्तिशाली हुनुहुन्छ र यसमा जीवन छ । जहाँ यो वचन पुग्नुहुन्छ, त्यहाँ ज्योतिझैं उहाँले आफ्नो गुण प्रकट गर्नुहुन्छ । उहाँले सृष्टि गर्नुभएका थोकहरुलाई नियाले के हामीले यो कुरा थाह गर्दैनौ र ?

१) **वचन अर्थात प्रभु येशू शुरुमा कहाँ हुनुहुन्थ्यो ?**(यूहन्ना १ अध्यायको पद १ मा हेर्नुहोला) (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२) **वचन को हुनुहुन्थ्यो ?**(ठीक जवाफमुनि धर्का तान्नुहोस्)

वचन स्वयम् परमेश्वर हुनुहुन्थ्यो / वचन परमेश्वर होइन / वचन परमेश्वरभन्दा कम हो

३) **वचनद्वारा के हुन आए ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

४) **के वचनविना कुनै थोक हुन आयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

# प्रभु येशू ख्रीट को हुनुहुन्छ ?

## ख) येशू ख्रीष्ट मानिसहरूको ज्योति हुनुहुन्छ - यूहन्ना १:४-९

सृष्टि गरिएका थोकहरूले मात्र परमेश्वरको गुण प्रकट गर्ने होइनन्, तर मानिसहरूको निम्ति ज्योति हुनलाई प्रभु येशू आफै यस संसारमा आउनुभयो । पापले गर्दा मानिसले अफ्नो आत्मिक ज्योति गुमायो । मानिस पापको अन्धकरम जन्मन्छ । ऊ कहाँबाट आयो र कहाँ जान्छ, जान्दैन । यस्तो अवस्थामा बाँचेका सबै मानिसहरूलाई जीवनको ज्योति दिनलाई प्रभु येशू साँचो ज्योति हुनुहुन्छ । अन्धकारले यो ज्योति निभाउन खोजे तापनि सकेन । यो ज्योति अहिलेसम्म चम्किरहनुहुन्छ । उहाँले तपाईंको अँध्यारो जीवन पनि उज्यलो पार्न सक्नुहुन्छ ।

**१) यो ज्योति केको लागि थियो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**२) अन्धकार र ज्योतिको बीचमा सधैं झगडा भइबस्छ, मेल कहिल्यै हुँदैन । कसले जित्यो ?**
(ठीक जवाफमुनि धर्का लगाउनुहोस्)
अन्धकार ज्योतिमाथि विजय भयो / ज्योति चम्किरह्यो

३) परमेश्वरले यूहन्ना नाम गरेका एकजना मानिसलाई पठाउनुभयो । उनी प्रभु येशू आउनु अघि बाटो तयार गर्ने परमेश्वरको वक्त थिए । उनले मानिसहरूलाई पापदेखि पछुताउनुपर्छ भन्दै प्रभार गरेकाले र यसको निम्ति बप्तिष्मा दिएकाले उनलाई 'बप्तिष्मा दिने यूहन्ना' भनिन्छ ।

**क) परमेश्वरले यूहन्नालाई किन पठाउनुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) साँचो ज्योतिको बारेमा पद ९ बाट के बुझिन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

## ग) परमेश्वरको पुत्र मानिस हुनुभयो - यूहन्ना १:१०-१४

हामी मानिसहरू परमेश्वरको सृष्टि भएकोले साथै उहाँकै प्रतिरुपमा बाएकोले परमेश्वरले हामीलाई विशेष वास्ता र प्रेम गर्नुहुन्छ । यसैकारण उहाँले आफ्नो एकमात्र पुत्रलाई यस संसारमा पठाउनुभयो र साँचो परमेश्वरको ज्ञान नभएका अन्धकारमा रहेका मानिहरूले येशू ख्रीष्टलाई चिनेनन् । तर उहाँ त सतनको परमेश्वर। हामीलाई सृष्टि गर्नुहुने परमेश्वर हुनुहुन्छ । मानिसको रुप धारण गरी उहाँ इस्राएल देशमा जन्म लिनुभएको कारण्ले हामी उहाँलाई कसरी विदेशी भन्न वा हाम्रो होइन भन्न सक्छौं ? के हामी पनि अन्धा छौं ? के हामीले आफ्नो सृष्टिकर्तालाई चिन्न सकेनौं ? यहाँ एउटा ठूलो रहस्य छ - परमेश्वर मानिसको रुपमा प्रकट हुनुभयो । के हामीमाथि श्विास नगरौं, उहाँलाई आफ्नो हृदयमा स्वागत नगरौं ?

**१) संसारका मनिसले आफ्नो सृष्टिकर्तालाई के गरेनन् ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**२) आफ्नैले उहाँलाई केकस्तो व्यवहार देखाए ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

३) धेरैले उहाँलाई ग्रहण नगरे पनि कसै कसैले येशूलाई ग्रहण गरे । उनीहरूलाई परमेश्वरले एक अमूल्य दान वा हक दिनुहुन्छ ।

**क) यो हक के हो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

# प्रभु येशू ख्रीट को हुनुहुन्छ ?

**ख) के गरेदेखि उहाँलाई ग्रहण गर्ने मानिसले यो अधिकार पाउँछ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग)** प्रभु येशूको नाममाथि विश्‍वास गर्ने मानिसको जीवनमा एउटा ठूले पविर्तन आउँछ । परमेश्‍वरले ऊभित्र एक नयाँ, कहिल्यै नाश नहुने जीवन उत्पन्‍न गर्नुहुन्छ । परमेश्‍वर आफै उसको आत्मिक बुवा बन्‍नहुन्छ । यो अचम्को परिवर्तन कुनै जाति वा परिवारमा जन्मेकोले मिल्ने होइन, नता आफ्नो कोशिश पाउने कुरा हो । कुनै धर्म अपनाएर वा कुनै धर्मविधि पूरा गरेर हुने कुरा पनि होइन ।

**तब यो कहाँबाट आउँछ त ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

४) परमेश्‍वर मानिस हुनुभयो । के त्यो कुरा हामीलाई अचम्म लाग्दैन ? उहाँलाई ध्यान दिएर हेर्नुहोस् । के तपाईले उहाँमथि कुनै भिन्‍नता देख्‍नुहुन्‍न ? के उहाँ हामीजस्तै कमजोर मानिस हुनुहुन्छ ? होइन, उहाँ सिद्ध, पापविनाको मानिस हुनुहुन्छ । हामीले उहाँलाई देख्यौं, परमेश्‍वरको एकमात्र पुत्रलाई देख्यौं; हामीले उहाँको महिमा देख्यौं, परमेश्‍वरलाई देख्यौं भन्ने गवाही दिने यहाँ छन् । उनको कुरा ध्यान दिएर सुन्नुहोला ।

**क) वचन अर्थात् परमेश्‍वरको पुत्र के हुनुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) वचन कहाँ वास गर्नुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) उहाँका गुण कस्ता थिए ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**घ) लेखकले उहाँमा के देखे ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

## घ) परमेश्‍वरको पुत्र सबैभन्दा महान् हुनुहुन्छ - यूहन्‍ना १:१५-१८

प्रभु येशू अगमवक्तभन्दा महान् हुनुहुन्छ, किनभने उहाँ तिनीहरूभन्दा पहिले नै हुनुहुन्थ्यो । शुरुदेखि नै परमेश्‍वरसँग हुनुहुन्थ्यो । प्रभु येशू सकै धर्मगुरुहरूभन्दा, परमेश्‍वरका र्धनियमहरू दिने वक्ता मोशाभन्दा पनि महान् हुनुहुन्छ । धर्मगुरुहरूले हामीलाई पालन गर्नलाई धेरै आज्ञाहरू त सिकाउँछन्, तर ती आज्ञाहरू पालन गर्न शक्ति दिँदैनन्, यो गर, त्यो नगर भन्दै तिनीहरूले हामीलाई शिक्षा दिन्छन्, तर आज्ञा उलङ्घन गरचौं भने हामीलाई दोषी ठहराउँछन् । तर हामी कमजोर पापीहरूलाई के चाहिन्छ ? कुनै नयाँ धर्म ? होइन, हामीलाई परमेश्‍वरको निगाहको खाँचो छ । यसैकारण प्रभु येशूले कुनै धर्म लिएर आउनुभएन, तर पापीहरूलाई खोज्न र बचाउनको लागि निगाह र सच्चाइँसाथ आउनुभयो ।

१) प्रभु येशूले आफ्नो सेवा शुरु गर्नुभन्दा अभि परमेश्‍वरको दास यूहन्‍ननाले उहाँको बाटो तयार गरे ।

**उनले उहाँको विषयमा के गवाही दिए ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**परमेश्‍वरले मोशाबाट के दिनुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**३)प्रभु येशू खीष्टबाट के आए ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

४) परमेश्वरको पक्षमा बोल्ने अगमवक्ताहरू मानिस मात्र थिए । यसैले उनीहरूले परमेश्वरको गुण प्रकट गर्न सकेनन् । तर प्रभु येशू आफै परमेश्वर हुनुभएकोले हामीलाई सधैं पिता चिनाउनुभयो ।

**क) के कुनै मानिसले परमेश्वरलाई कहिल्यै देखेको छ ?** (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) परमेश्वरको एकमात्र पुत्रले के गर्नुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ध्यान :**

***परमेश्वरले संसारका मानिसहरूलाई यति धेरै माया गर्नुभयो, यसैले उहाँले आफ्नो एकमात्र पुत्र प्रभु येशूलाई दिनुभयो । प्रभु येशूमाथि विश्वास राख्ने कोही पनि नाश हुँदैन, तर उसले अनन्त जीवन पाउँछ ।***

***जसले प्रभु येशूमाथि विश्वास गर्छ, ऊसँग अनन्त जीवन हुन्छ; जसले परमेश्वरको पुत्रलाई विश्वास गर्दैन, त्यसले जीवन देख्नेछैन, तर परमेश्वरको क्रोध त्यसमाथि रहन्छ ।***

***जतिले प्रभु येशूलाई ग्रहण गरे, तिनीहरूलाई उहाँले परमेश्वरको सन्तान हुने अधिकार दिनुभयो; अर्थात् तिनीहरूलाई, जसले उहाँको नाममाथि विश्वास गर्छन् ।***

❖

# kf7 @

## ❖ येशू परमेश्वरको पुत्र अर्थात् ख्रीष्टको रुपमा चिनिनुभयो - यूहन्ना १:१९-५१

प्रभु येशू को हुनुहुन्छ भन्ने प्रश्न गर्दै हामी आएका छौं । यसको जवाफ हामी यो दोश्रो पाठमा अझ स्पष्ट बुझ्नेछौं, जब हामी परमेश्वरको वक्ता यूहन्नामा ध्यान दिन्छौं । उनी यसैकारण प्रभु येशूभन्दा अघि आए, कि हामी उनको गवाही सुनेर विश्वास गरौं; जसरी लेखिएको छ -

***सबैले उनीद्वारा विश्वास गरून् भनेर प्रभु येशूको विषयमा गवाही दिनलाई यूहन्ना साक्षीको रुपमा आए ।***

हामी जाने भयौं, हामीलाई सिकाउनुपर्दैन भन्नेहरूलाई यहाँ एउटा सिक्नुपर्ने पाठ छ - प्रभु येशूलाई पछ्याउँदै गर्दा उहाँका चेलाहरूले उहाँलाई साँचो गरी चिने । हामी पनि यसै गरौं र प्रभुलाई चिन्ने ज्ञान प्राप्त गरौं ।

## क) परमेश्वरको वक्ता यूहन्नाले प्रभु येशूलाई चिनेका - यूहन्ना १:१९-३४

परमेश्वरको वक्ता यूहन्ना प्रभु येशूको अघि पठाइए । उनले पापदेखि परमेश्वरतिर मन फिराउनुपर्छ भन्दै मानिसहरूलाई पश्चात्तापको प्रचार गरे र यसरी प्रभु येशूको बाटो तयार पारे । उनी सबैलाई सत्य गवाही दिए - 'म ख्रीष्ट होइन, तर उहाँ मपछि आउँदै हुनुहुन्छ ।' जब उनले प्रभु येशूलाई चिने, तब परमेश्वरले चुन्नुभएको र अभिषेक गर्नुभएको मुक्तिदाता उहाँ हुनुहुँदो रहेछ भनी उनले स्वीकार गरे ।

१) परमेश्वरले धेरै समयदेखि आफ्ना अगमवक्ताहरूद्वारा म एकजना उद्धारक पठाउनेछु भन्ने प्रतिज्ञा गर्नुभयो र उहाँको विषयमा अनेक भष्यिवाणी गर्नुभयो । इस्राएलका मानिसहरूको भाषामा त्यस उद्धारकलाई 'ख्रीष्ट' भनिन्छ, जसको अर्थ 'परमेश्वरबाट चुनिएको जन' हो । सबैले यो ख्रीष्ट कहिले आउलान् भन्दै उहाँको बाटो हेरिरहेका थिए । यसकारण तिनीहरूले यूहन्नालाई यस सम्बन्धमा प्रश्न गरे ।

**क) यूहन्नाले आफ्नो विषयमा के जवाफ दिए ?** (ठीक जवाफमुनि धर्का तान्नुहोस्)

# प्रभु येशू ख्रीट को हुनुहुन्छ ?

(अ) उनी परमेश्वरले प्रतिज्ञा गर्नुभएको ख्रीष्ट थिए
(आ)उनी एलिया अगमवक्ता थिए
(इ)उनी प्रभुको बाटो तयार गर्ने प्रचारक थिए

**ख) उनी ख्रीष्टका लागि के गर्न योग्यको छैनन् ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**२) येशूलाई आफूकहाँ आइरहनुभएको देखेर यूहन्नाले के भने ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

परमेश्वर आफैले दिनुभएको आज्ञाअनुसार यहूदीहरूले पापमोचनको निम्ति बलि चढ़ाउने गर्थे । नियमानुसार निष्कलङ्क भेड़ाको पाठो चाहिन्थ्यो । यहूदीहरूले चढ़ाएका यी बलिदानहरू पछि आउने परमेश्वरको सिद्ध पापबलिको चित्रण मात्र थिए । तर जब प्रभु येशू यस संसारमा आएर काठको क्रूसमा हामी सबैका पापका निम्ति मर्नुभयो, तब परमेश्वरको मुक्ति दिने ठूलो योजना पूरा भयो; किनभने ख्रीष्ट येशू पापीहरूको निम्ति मोल तिरेर पापको प्रायश्चित हुनुहुन्छ । यूहन्नाले प्रभु येशूलाई चिनेर यो कुरा पूरा हुनअघि नै स्वीकार गरे । प्रभु येशू तपाईंका मेरा सबै पाठ उठाई लैजानुभयो । यो गवाही सत्य हो ।

**३)** यूहन्ना मनिसहरूलाई पश्चात्ताप गर्न लाउन आए । आफ्नो पापको बारेमा कायल भएकाहरूलाई उनेले पानीमा बप्तिष्मा दिए, तर तिनीहरूलाई मुक्ति र एक नयाँ जीवन दिन सकेनन् । यसको निम्ति ख्रीष्ट आउनुहुन्छ भन्ने कुरा जानेर उनले गवाही दिए । प्रभु येशू आउनुभयो र उहाँमाथि विश्वास गर्ने हरेकभित्र पवित्र आत्मा खन्याएर उहाँले हाम्रो जीवन भित्रबाट नयाँ तुल्याउनुहुन्छ र सफा पार्नुहुन्छ ।

**क) यूहन्नाले के देखे ?** (पद ३२)

**ख) जसमाथि आत्मा आई बस्नुभयो, उहाँको बारेमा यूहन्नाले के भने ?** (पद ३३)(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) यूहन्नाले प्रभु येशूलाई चिनेर के गवाही दिए ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

## ख) येशूका पहिला चेलाहरूले परमेश्वरको पुत्रलाई चिनेका - यूहन्ना १:३५-३९

तीस वर्ष हुँदै प्रभु येशू यर्दन नदीमा आएर यूहन्नाबाट बप्तिष्मा लिनुभयो । त्यस समयदेखि उहाँले आफ्नो सेवा शुरु गर्नुभयो । यूहन्नाले प्रचार गरेको कुरा पत्याउनेहरू उनीसँग लागे । तर तिनीहरूले यूहन्नापछि आउने ख्रीष्टको बाटो हेरेका थिए, जसको विषयमा यूहन्नाले सधैं कुरा गरिरहेका थिए । जुन दिन तिनीहरूले येशूलाई देखे र उहाँबारे यूहन्नाको गवाही सुने, त्यही दिनदेखि तिनीहरूले प्रभु येशूसँग रहन र उहाँबाट सिक्न चाहे । के प्रभु येशू तपाईंको गुरु हुन पाउनुहुन्छ ? यो चहना गर्नुहुन्छ ? यहाँको चेला बन्नुहोस् र उहाँले तपाईंलाई उत्तम शिक्षा दिई आफैलाई प्रकट गर्नुहुनेछ । तब तपाईं पनि उहाँ परमेश्वरको पुत्र हुनुहुँदो रहेछ भनी पक्का गरी जान्नुहुन्छ र उहाँमाथि विश्वास गरी मुक्ति पाउनुहुन्छ ।

# प्रभु येशू ख्रीट को हुनुहुन्छ ?

१) **क) यूहन्नाका चेलामध्ये दुईजनाले यूहन्नाले भनेको कुरा सुने । तब तिनीहरूले के गरे ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) तिनीहरूले प्रभु येशूलाई कसरी बोलाए ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) तिनीहरूले प्रभु येशूलाई किन प्रश्न गरे ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**घ) प्रभुले तिनीहरूलाई के निम्तो दिनुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ङ) प्रभुको बस्ने ठाउँ देखेर तिनीहरूले के गरे ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२) प्रभु येशूसँग रहनेमध्ये एकजनाको नाम आन्द्रियास थियो । तिनी गएर आफ्नो भाइलाई भेटे र उनलाई उत्सुकतासाथ येशूको विषयमा सुनाए ।
**क) येशूलाई भेटेको बारे तिनले उनलाई के भने ?**

**ख) त्यसपछि तिनले के गरे ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) शिमोनलाई देखेर प्रभु येशूले के भन्नुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

प्रभु येशूले शिमोनको नाम मात्र होइन, तर उनको सम्पूर्ण जीवन परिवर्तन गर्नुभयो । उहाँले हम्रो कमजोर, पापपूर्ण जीवन एक पवित्र र परमेश्वरलाई मन पर्ने जीवनमा बदल्नुहुन्छ । यसकारण उहाँलाई खुशीसाथ आफ्नो प्रभु र मुक्तिदाताको रुपमा अपनाउनुहोस् ।

३) मेरो पछि लाग भन्दै प्रभु येशूले मानिसहरूलाई उहाँको चेला हुन बोलाउनुभयो । उनीहरूमध्ये फिलिप पनि थिए । (१:४३-४६)
**फिलिपले कुन अचम्मको कुरा नथनएललाई भन्न उत्सुक थिए ? उनले कसलाई भेट्टाएका थिए ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

# प्रभु येशू ख्रीट को हुनुहुन्छ ?

पवित्रशास्त्र बाइबल एक अचम्मको पुस्तक हो । धेरै वर्ष पहिले परमेश्वरले मोशा र अरु अगमवक्तारूलाई प्रभु येशूको विषयमा लेख्न लगाउुभयो । यस खण्डलाई पुरानो नियम भनिन्छ । अब चाँडै हाम्रा पाठचक्रमहरू सिद्धचाएर परमेश्वरको वचन 'बाइबल' तपाईंको हातमा पर्छ । तब तपाई आफूलाई यी सबै भविष्यवाणी पुरानो नियममा पढ्न पाउनुहुनेछ । तपाई अचम्म मान्नुहुन्छ र फिलिपले झैं स्वीकार गर्न सक्नुहुन्छ -
***मैले ख्रीष्ट येशू मेरो मुक्तिदातालाई भेट्टाएको छु, जसको विषयमा परमेश्वरले अघिदेखि नै पवित्रशास्त्र बाइबलमा धेरै कुराहरू बताउनुभएको छ ।***

४) प्रभु येशू नासरतबाट आउनुभएको कुरा सुनेर नथनएलले शंका गरेका थिए ।
**यसमा फिलिपले के जवाफ दिए ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

प्रभु येशू इस्राएल देशमा जन्म लिनुभएको कारणले तपाईंलाई पनि प्रश्नहरू उठ्नसक्छन् । ईमान्दारीसाथ सोधेका प्रश्नमन हामी कुनै दोष पाउँदैनौं, तर हामीले पनि आएर हेर भन्दै तपाईंलाई वचनमा ध्यान दिन लाउँछौं ।

**५) नथनएललाई भेट्नुभन्दा पहिले नै तिनी कहाँ थिए र के गर्दै थिए भनी जानेर प्रभु येशूले तिनलाई भन्नुभएकोमा अचम्म मान्दै तिनले के स्वीकार गरे ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

परमेश्वरले हामी एक-अर्कालाई चिन्नुहुन्छ । हामी कहाँ छौं र के गर्दै छौं, जान्नुहुन्छ । हामी उहाँको नजरबाट केही कुरा लुकाउन सक्दैनौं; किनभने उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ । यदि हामी उहाँकहाँ आई उहाँलाई स्वीकार गरयौं भने उहाँले हामीलाई अझ ठूला कुराहरू देखाउनुहुनेछ ।

**६) प्रभु येशूका चेलाहरूले अब उसो के देख्नेछन् ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

हो, प्रभु येशू मानिस हुनुहुन्थ्यो, तर उहाँको जीवन नियालेर हेर्ने हरेकले यसभन्दा बढ्ता थाह गर्छ; किनभने ख्रीष्ट येशू हाम्रो महान् परमेश्वरले हामीलाई भेट्न आउनुभएको हो ।

***ध्यान :***

***प्रभु येशूले आफ्ना चेलाहरूलाई यसो भन्दै सोध्नुभयो: 'मानिसहरू के भन्छन् - म, मानिसको पुत्र, को हुँ ?' तिनीहरूले भने :' तपाईंलाई कसैले बप्तिष्मा दिने यूहन्ना, कसैले एलिया, र अरुले यर्मिया वा अगमवक्ताहरूमध्ये कुनै एक हुन् भन्छन् ।' तब उहाँले तिनीहरूलाई भन्नुभये : 'तर तिमीहरूचाहिँ नि के भन्छौं- म को हुँ ?' शिमोन पत्रुसले जवाफ दिए :'तपाईं जीवित परमेश्वरको पुत्र ख्रीष्ट हुनुहुन्छ ।'***

**प्रार्थना :**

***हे एकमात्र सत्य र जीवित परमेश्वर, तपाईंले आफ्नो शक्तिशाली वचनद्वारा यो संसार र मलाई पनि सृष्टि गर्नुभयो । तपाईं आफै मानिस भई यस संसारमा आउनुभयो । पापको अन्धकारदेखि निकालेर मलाइ तपाईंको ज्योतिमा ल्याउनुहोस् । यसले गर्दा म तपाईंलाई चिन्न र विश्वास गर्न सकूँ । म तपाईंको सन्तान हुन चाहन्छु । यसकरण मलाई सत्यको ज्ञानमा ल्याउनुहोस् भनी विन्ती गर्छु । धन्यबाद !***

❖

# प्रभु येशू ख्रीट को हुनुहुन्छ ?

# kf7 #

### ❖ प्रभु येशू परमेश्वरको विश्वासयोग्य साक्षी - यूहन्ना २:२३-३:३६

जब प्रभु येशू राज्यपालको सामु न्यायमा उभिनुपरचो, तब उहाँले आफ्नो विषयमा यो साँचो गवाही दिनुभयो- **सत्यको विषयमा गवाही दिऊँ भन्ने हेतुले म जन्में र यसैको निम्ति म संसारमा आए । हरेक जो सत्यबाटको हुन्छ, उसले मेरो सोर सुन्छ ।**

यदि हामीले सत्यता जान्न चाहन्छौं भने हामीले येशू ख्रीष्टको कुरा सुन्नुपर्छ । परमेश्वरको सत्य वचन बोल्ने विश्वासयोग्य साक्षी उहाँ नै हुनुहुन्छ । चाहे उहाँ संसारको कुरा गर्नुहुन्छ, चाहे स्वर्गको कुरा गर्नुहुन्छ, उहाँ अरेको कुरा गर्नुभएन, नता शास्त्रीहरूले झैं धर्मग्रन्थहरूबाट शिक्षा दिनुभयो; तर उहाँ आफैले देखेका र सुनेका कुराहरूको सत्य गवाही दिनुभयो ।

## क) मानिसहरूको बारेमा प्रभु येशूको सत्य गवाही - यूहन्ना २:२३-३:८

तपाईले कुनै झुसिल्कीरा भुइँमा घस्रँदै गरेको अथवा कमला पातहरू खाँदै गरेको देख्नुभएको छ होला । तपाईले सुन्दु रङ भएको पुतली एउटा फूलदेखि अर्को फूलमा उड्दै गरेको पनि देख्नुभयो होला । कुनै समयमा तयो पुतली एक झुसिल्कीरा थियो । त्यस बेला त्यो उड्न सक्दैनथ्यो; खालि भुइँमा बिस्तारै हिँड्न सक्थ्यो । तर केही समयपछि एउटा परिवर्तन आयो- त्यस झुसिल्कीराको वरिपरि एउटा कड़ा छाला बढ्चो र त्यो मरेको जस्तो देखा परचो । एकदिन छाला फुटचो र एउटा सुन्दर पुतली निस्क्यो । त्यो भुइँमा घस्रने घिनलाग्दो कीरा एउटा फूलतिर उड़िहिँड्ने सुन्दर पुतलीमा परिवर्तन भयो । त्यो एउटा नयाँ सृष्टि भयो । जुन कुरा प्रकृतिले हामीलाई यो झुसिल्कीराबाट देखाँउछ, त्यो नमुनाअनुसार परमेश्वरले प्रभु येशूमाथि विश्वास गर्नेको जीवन परिवर्तन गर्नुहुन्छ । एक पापी मानिसले नयाँ जन्म पाएर एक नयाँ सृष्टि बन्छ र यसरी मात्र परमेश्वरको राज्यभित्र पस्न पाउँछ । यो अचम्मको काम परमेश्वरले मात्र गर्न सक्नुहुन्छ; यसकारण यो परिवर्तन कसरी हुन आउँछ भन्ने कुरामा हामीले बढ़ी ध्यान दिनु एकदम आवश्यक छ ।

१) प्रभु येशूलाई मान्नेहरू धेरै हुनछन्, तर तिनीहरूको हृदयको अवस्था कस्तो छ, प्रभु येशू आफैले जान्नुहुन्छ । म विस्वास गर्छु भन्न एउटा कुरा हो, तर हृदयदेखि पापबाट परमेश्वरतिर मन फिराउन अर्को कुरा हो ।

**क) प्रभु येशूमाथि किन धेरैले विश्वास गरे ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) प्रभु येशूले आफूलाई तिनीहरूको भरोसामा किन छोड्नुभएन ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) मानिसको बारेमा प्रभु येशूलाई कुनैको गवाहीको खाँचो थिएन, किन ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२) निकोदेमस नाम गरेका यहूदीहरूको एक शासक राति प्रभु येशूकहाँ आए । उनी फरिसी भन्ने कठोर धर्म पन्थका पण्डित थिए, जसले इमान्दारीसाथ परमेश्वरको राज्य खोज गर्थे । तर मानिसको डरको कारणले उनी सुटुक्क प्रभुकहाँ गएर उहाँबाट महत्वपूर्ण शिक्षा प्राप्त गरे ।

**क) निकोदेमस कुन समयमा प्रभुलाई भेट्न गए ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) प्रभु येशूको विषयमा उनले के कुरा जानेका थिए ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

# प्रभु येशू ख्रीट को हुनुहुन्छ ?

३) प्रभु येशूलाई परमेश्वरबाट आउनुभएको गुरु भनी निकोदेमसले मानेकाले प्रभुले उनलाई व्यक्तिगत शिक्षा दिन थाल्नुभयो । उहाँले उनलाई परमेश्वरको राज्यभित्र पस्नलाई नयाँ जन्म आवश्यक छ भनी भन्नुभयो । आफू पण्डित भए पनि निकोदेमसले यो कुरा जानेका थिएनन् र यसैमा अचम्म मानेका र अलमलमा परेका थिए । धर्मनियमहरू पालन गरेर उनी धर्मी हुन खोजे । तर तपाईं आफै विचार गर्नुहोस् - एउटा मानिस, जसले परमेश्वरका आज्ञाहरू घरिघरि उल्लङ्घन गर्छ भने कुन नियम पालन गर्न सक्छ र ? स्वभावैले ऊ त पाप गर्न मात्र जान्दछ । यसैले प्रभुले ठीक भन्नुभयो - परमेश्वरको पवित्र आत्माले यो काम हामीमा गर्नु खाँचो छ, नत्र हाम्रो जीवन कहिल्यै सुध्रिँदैन र हामी परमेश्वरको योग्य हुँदैनौं ।

**क) परमेश्वरको राज्यको बारेमा के कुरा असम्भव छ भनी प्रभुले बताउनुभयो ?** (पद ३)(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) नयाँ गरी जन्मने अर्थ बुझाउँदै यो कसरी हुनुपर्छ, प्रभुले के भन्नुभयो ?** (पद ५)(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) कुन कुरामा अचम्म मान्नुपर्दैन ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**घ) शरीरबाट के कुरा जन्मन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

शरीर भन्नाले प्रभु येशूले हामी मानवमा हुने स्वभावलाई सङ्केत गर्नुहुन्छ । यो स्वभाव कस्तो किसिमको छ ? शरीरबाट उब्जने पापका अभिलाषाहरू पूरा गर्नमा त्यो एकदम छिटो छ, तर परमेश्वरका आज्ञाहरू पालन गर्न वा उहाँका नियमभित्र रहन सक्दैन । यो स्वभाव हामी सबैको हुन्छ; किनभने हामीले त्यो हाम्रो मनव पिता आदम अर्थात् पहिलो मनिसबाट पायौं, किननि हामी सबै उसैका सन्ताहरू हौं । पमपले गर्दा ऊ शारीरिक भयो; र हामी पनि त्यही शारीरिक अवस्थामा जन्म्यौं । के यो कुरा तपाईंले बुझ्नुभएको छ ?

**ङ) परमेश्वरको आत्माबाट के कुरा जन्मिन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

परमेश्वरको अत्माले एक नयाँ जन्मद्वारा हामीभित्र एउटा नयाँ स्वभाव उत्पन्न गर्नुहुन्छ । यसरी अब उसो शारीरिक होइनौं, तर परमेश्वरको सन्तान भईकन उहाँका राज्यका योग्यका भयौं । यसकारण नयाँ गरी जन्मनु एकदम आवश्यक छ - हामी हरेकलाई ।

**च) आत्माबाट जन्मेको हरेक कस्तो हुन्छ ?** (पद ८)(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

हावाले परमेश्वरको आत्मालाई सङ्केत गर्छ; उहाँ कसैको जाति वा धर्मका अधिनमा रहहुन्न, तर हावाले झैं जहाँ इच्छा गर्छ, त्यहिँ काम गर्नुहुन्छ । के तपाईंले उहाँको आवज सुन्नुभएको छ ? जब परमेश्वरको सत्य आत्माले हाम्रो जीवनमा काम गर्न थाल्नुहुन्छ, तब उहाँले हाम्रो पाप देखाउँदै परमेश्वरको दृष्टिमा हामी कति दोषी रहेछौं भन्ने कुरामा हामीलाई कायल पार्नुहुन्छ र हामीलाई प्रभु येशूमाथि विश्वास गर्न लाउनुहुन्छ ।

# प्रभु येशू ख्रीट को हुनुहुन्छ ?

## ख) मुक्तिको बारेमा प्रभु येशूको सत्य गवाही - यूहन्ना ३:९-२१

नयाँ जन्मको सम्बन्धमा निकोदेमसको ज्ञान बढ़ाउनको निम्ति प्रभु अब आफ्नो विषयमा बोल्नुपरचो । जब प्रभु येशूले अफ्नो बारेमा कुरन गर्नुभयो, तब उहाँले आफूलाई मनिसको पुत्र भनी भन्ने गर्नुहुन्थ्यो । मानिसले नयाँ जन्म पाई परमेश्वरको राज्यभित्र पस्नलाई उहाँले स्वर्ग अर्थात् परमेश्वरको वासस्थानलाई छोड़ेर यस संसारमा आउन आवश्यक थियो । यति मात्र पुगेन, तर हाम्रा पापले गर्दा उहाँ काठको क्रूसमा उचालिएर ज्यादा दु:ख सही मर्नुभपरचो । हामी पपामा नाश नहौं, तर अनन्त जीवन पाऔं, मुक्ति पाऔं भन्ने उद्देश्यले परमेश्वरले आफ्नो एकमात्र पुत्रलाई पठाउनुभयो । के तपाईंप्रतिको उहाँको ठूलो प्रेम तपाईंले बुझ्नुभयो ?

१) **क) आफ्नो बारेमा प्रभुले पहिले के कुरा भन्नुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) प्रभुले दिनुभएको गवाही हामीले के गर्नुपर्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) प्रभुले आफू कहाँबाट आउनुभएको दाबी गर्नुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२) इस्राएलका मानिसहरूलाई विषालु सर्पहरूले डसेकोबाट बचाउनलाई एउटा पितलको सर्प खाँबोमा झुण्डचाऊ भन्ने परमेश्वरको आज्ञा मोशाले पालन गरे । सर्पले डसेका जतिले त्यस सर्पलाई हेरे, तिनीहरू सबै बाँचे । ठीक त्यस्तै प्रभु येशूलाई काठको क्रूसमा झुण्डिएर मर्नु आवश्यक थियो ।

**क) मानिसको पुत्रलाई के हुन आवश्यक थियो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) प्रभु किन उचालिनु अर्थात् क्रूसमा मर्नुपरचो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) परमेश्वरले कसलाई प्रेम गर्नुहुन्छ ?** (पद १६) (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

संसार भन्नाले सबै मानिस होइन र ? हो, परमेश्वरले सारा संसारका मानिसहरूलाई प्रेम गर्नुहुन्छ । उहाँले तपाईंलाई पनि प्रेम गर्नुहुन्छ ।

**घ) परमेश्वरले आफ्नो प्रेम कसरी देखाउनुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ङ) नाश नहुनलाई, तर अनन्त जीवन पाउनलाई हामीले के गर्नुपर्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

३) एकदिन परमेश्वरले सारा संसारको न्याय गर्नुहुनेछ । यस डरलाग्दो न्यायको घड़ीभन्दा अघि उहाँले आफ्नो एकमात्र पुत्र पठाउनुभयो । यसमा उहाँको चाहना के छ ?

# प्रभु येशू ख्रीट को हुनुहुन्छ ?

**क) हामी अहिले प्रभु येशूमाथि विश्वास गर्छौं भने हामीलाई के लाभ हुन्छ ?** (पद १७) (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) कसमा परमेश्वरले कुनै दोष पाउनुहुन्न ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) को पहिले दोषी भईसक्यो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**घ) मानिसहरूलाई उहाँले के आरोप लगााउनुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ङ) को ज्योतिमा अर्थात् येशूकहाँ आउँछ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

## ग) प्रभु येशू परमेश्वरको विश्वासयोग्य साक्षी - यूहन्ना ३:३१-३६

प्रभु येशू स्वर्गबाट आउनुभएको सबै धर्मगुरुहरूभन्दा उहाँको अधिकार ठूलो छ। उहाँलाई इन्कार गर्ने हरेक मानिस दोषी हुन्छ र एकदिन परमेश्वरको क्रोध ऊमाथि पर्छ नै। यस कुरामा हामी होशियारी हुनुपर्छ।

**१)सबैभन्दा उच्च को हुनुहुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**२) उहाँले के गवाही दिनुहुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**३) कसले परमेश्वर सत्य हुनुहुन्छ भन्ने कुरामा छाप लगाएको छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**४) परमेश्वरको वचन को बोल्नुहुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**५) पुत्रको हातमा के दिइयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**६) कसमा अनन्त जीवन छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**७) पुत्रमाथि विश्वास नगर्नेलाई के दुई कुरा भनिएका छन् ?**

**क**)

**ख**)

**ध्यान :**

***परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, यसैले उहाँले आफ्नो एकमात्र पुत्रलाई दिनुभयो; उहाँको पुत्र येशूमाथि विश्वास गर्ने कोही पनि नाश हुँदैन, तर उसले अनन्त जीवन पाउँछ।***

❖

# kf7 $

## ❖ प्रभु येशू संसारको मुक्तिदाता हुनुहुन्छ - यूहन्ना ४:१-४२

प्रभु येशू संसारको मुक्तिदाता हुनुहुँदो रहेछ भन्ने कुरा सामरियामा बस्ने मानिसहरूले थाह गरे अनि खुशीसाथ उहाँको नाममाथि विश्वास गरे। प्रभु येशूचाहिँ यहूदीहरूको मात्र होइन, तर तिनीहरूको मुक्तिदाता पनि हुनुहुन्छ भन्ने कुरा प्रभु तिनीहरूसँग रहँदा तिनीहरूले पत्ता लगाए। जब उहाँको कुरा सुन्न हामी उहाँलाई स्वागत गर्छौं,तब हामीले यो कुरा पनि पत्ता लगाउँछौ, जसरी सारा संसारमा धेरै मानिसहरूले यो कुरा पत्ता लगाउँदै आएका छन्। हमी जुनसुकै जातिका मानिस किन नहौं, प्रभु संसारको एकमात्र मुक्तिदाता हुनुहुन्छ, जसले हामीलाई हाम्रा पाप र अधर्महरूबाट बचाउन अनि अनन्त जीवनको दान पनि दिनुहुन्छ।

## क) प्रभु येशू जीवनको पानी हुनुहुन्छ - यूहन्ना ४:१-१५

पानीविना जिउन सकिँदैन भन्ने कुरा हामी सबै जान्दछौं। दैनिक जीवनमा पानीको एकदमै दरकार पर्छ। कति ठाउँमा धेरै दु:ख गरे मात्र पानी पाइन्छ। टाढ़ाबाट नालीमा या त गहिरो खनेको इनारबाट कति मानिसहरूले पानी पाउँछन्। पानी नभएको अवस्थामा यो कति अमूल्य चीज रहेछ भनी हामीले थाह गर्छौं। तर कसले जीवनको पानीको लागि तिर्सना गर्छ र ? परमेश्वरको दान जानेका भए र यो दान दिने व्यक्तिलाई चिनेका भए कुनै न कुनैले जीवनको पानी माग्नेथिए र यो अमूल्य दान पाउनेथिए भन्ने चिनर लिई हामीले यो पाठ प्रस्तुत गर्छौं।

१) **क) कुन देश भएर प्रभु येशू जानुपर्थ्यो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) यात्राले गर्दा प्रभुलाई के भएको थियो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) सुखार भन्ने सहरमा आई प्रभुले के गर्नुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**घ) चेलाहरू के गर्न गए ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२) सामरीहरू यहूदी थिएनन्। यसैले यहूदीहरूले तिनीहरूलाई तुच्छ ठानेर घृणा गर्थे र तिनीहरूसँग केही सम्बन्ध राख्दैनथे; किनभनेतिनीहरूले साँचो परमेश्वरलाई होइन, तर मूर्तिलाई पूजा गर्थे। प्रभु येशूले तिनीहरूलाई पनि प्रेम गरी सत्यको ज्ञामा ल्याउन चाहनुभो। ठीक त्यसरी नै उहाँले तपाईंलाई प्रेम गर्नुहुन्छ र सत्यको ज्ञानमा ल्याउन चाहनुहुन्छ।

# प्रभु येशू ख्रीट को हुनुहुन्छ ?

**क) प्रभु येशूले सामरी स्त्रीलाई भेटेर ऊसित बातचित गर्नुभयो । प्रभुले उसलाई के विन्ती गर्नुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) कुन कुरामा त्यो स्त्री छक्क परी ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) प्रभु येशूको बारेमा यो स्त्रीले कुन दुई कुरा जानेकी थिइन ?** (पद १०)
**अ)**
**आ)**

**घ) प्रभुले के दिन सक्नुहुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ङ) यो दान पाउन हामीले के गर्नुपर्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**३)** संसारक सबै थोक एकछिनका लागि मात्र हुन्छन् भने प्रभुले दिन सक्ने दान हामीलाई सधैं तृप्ती हुन्छ ।
**क) इनारको पानी पिउने हरेकलाई के हुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) तर जीवनको पानी पिउनेलाई प्रभुले के प्रतिज्ञा दिनुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) जीवनको पानी पिउनेले किन तिर्खाउनुपर्दैन ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**घ) कुन दुई कारणले गर्दा त्यो स्त्रीले प्रभुबाट यो पानी मागी ?**
**अ)**
**आ)**

## ख) प्रभु येशू परमेश्वरको आराधनाबारे सिकाउनुहुन्छ - यूहन्ना ४:१६-२६

हाम्रो हृदय पापले गर्दा मैल भएको छ । यस्तो अवस्थामा परमेश्वरलाई चढ़ाएको आरधना ग्रहणयोग्य हुँदैन । यदि हामी परमेश्वरको साँचो उपासना गर्न चाहन्छौं भने यो पापको मेलौ हट्नुपर्छ । त्यो स्त्रीको पापहरू प्रभुले जान्नुभयो, र अब यसलाई प्रेमसाथ प्रकाशमा ल्याउनहुन्छ । प्रभुले तपाईंको पाप पनि खुला पार्न चाहनुहुन्छ । खुला पार्न पामउनुभएन भने तपाईले कहिल्यै पनि परमेश्वरको उपासना शुद्ध आत्माले र सच्चाइँसाथ गर्न सक्नुहुनेछैन । आफ्ना पाप स्वीकार्ने मानिसले मात्र परमेश्वरको कृपा पाउँछ ।

**१)** मेरो मनभित्रका सबै कुराहरू प्रभुले जान्नुहुन्छ र उहाँको नजरबाट म कुनै कुरा लुकाउन सक्दिनँ भन्ने कुरा त्यस स्त्रीले बुझी; किनभने प्रभुले उसको व्यक्तिगत कुरा गर्नुहुन्छ ।
**क) प्रभु येशूले उसलाई के आज्ञा दिनुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

# प्रभु येशू ख्रीट को हुनुहुन्छ ?

**ख) त्यो स्त्रीले के जवाफ दिई ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) यो जवाफ कुन कुरा सत्य थियो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

जब कसैले हामीमा कुनै दोष भेट्टाउँछ, तब त्यो दोष लुकाउन हामी कति युक्ति लगाउँछौं । त्यो स्त्रीले सबै पाप स्वीकार गर्न चाहिन, ता पनि प्रभुले उनलाई यतिमा छोड्नुभएन । रोग निको पार्ने हो भने त्यसलाई जरासमेत उखेल्नुपर्छ । पापलाई पनि यस्तो गर्नुपर्छ, यसलाई पूरा रुपले प्रभुको सामु गरी त्याग्नुपर्छ ।

**घ) यो भन्नुभएपछि उसले प्रभुलाई के ठानी ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२) परमेश्वरको उपासना कसरी गर्नुपर्छ भन्ने सम्बन्धमा मानिसहरूको बीचमा धेरै धारणाहरू पाइन्छ । पूजा गर्ने ठाउँको बारेमा तिनीहरू वादविवाद गर्छन्, तर आराधना चढ़ाउनु पर्ने व्यक्तिलाईचाँहि चिन्दैनन् । परमेश्वरलाई चिन्ने मानिसले उहाँलाई ठीक प्रकारले उपासना चढ़ाउँछ, किनभने उपासना चढ़ाउने ठाउँभन्दा मनको अवस्था नै महत्वपूर्ण हुन्छ; यसैक ध्यान लगाउनुपर्छ भन्ने कुरा प्रभुले सिकाउनुभयो ।

**क) उपासना गर्ने ठाउँको विषयमा यस स्त्रीको मनमा के अलमल थियो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) परमेश्वर कस्ता मानिसहरूलाई खोज्नुहुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

परमेश्वरले आराधना गर्ने मानिसलाई खोज्नुहुन्छ भन्ने कुरामा अचम्म नमान्नुहोला । हामी पशु मात्र भएको भए परमेश्वरले यस्तो कुरो हामीबाट खोज्नुहुनेथिएन । तर हामी उहाँको प्रतिरुपमा बनाइएक मानिस हौं । हामी उहाँदाई चिनौं र उहाँको आदरभक्ति गरौं - यसैको निम्ति उहाँले हामीलाई सृष्टि गर्नुभयो । के तपाईं सत्य परमेश्वरको उपासना नगरी रहन सक्नुहुन्छ ? तब प्रश्न उठ्छ : के तपाईं मानिस हुनुहुन्छ ? मानिस भएदेखि परमेश्वरले तपाईंबाट आराधना पाउनैपर्छ; ग्रहणयोग्य आराधना शुद्ध मनबाट र सत्यतामा हुनुपर्छ ।

**ग) परमेश्वर कस्तो हुनुहुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

परमेश्वर आत्मा हुनुहन्छ, यसकारण उहाँ जहाँ पनि उपस्थित हुन सक्नुहुन्छ । उहाँलाई टाढ़ाम खोज्नुपर्दैन । उहाँ आत्मा हुनुहुन्छ, यसैले उहाँलाइ कुनै रुप दिनु ठूलो भूल हो । परमेश्वरलाइ कुनै मानिसले लेखेको छैन, प्रभु येशूले मात्र उहाँलाई प्रकट गर्नुभयो । कतिले प्रभु येशूको चित्र राख्न वा क्रुस चिनो लाउन खोज्छन्, तर यो मूर्ति बनाउनु बराबरको हुन्छ; किनभने येशूको अनुहार कसले देखेको छ र ? उहाँलाई आत्मादेखि चिन्नु र सत्यतामा पुज्नुपर्छ ।

**घ) यसकारण कुन प्रकारले उहाँको उपासना गर्नुपर्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

# प्रभु येशू ख्रीट को हुनुहुन्छ ?

३) **क) हामीलाई सबै कुरा बताउने को हुनुहुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) यसमा प्रभुले के जवाफ दिनुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

खीष्ट अथवा मसीह भन्नु एउटै कुरा हो; यसको अर्थ परमेश्वरले छान्नुभएको र खटाउनुभएको जन बुझिन्छ । के तपाई प्रभु येशू खीष्टलाई तपाईंको मुक्तिको निम्ति पठाउनुभएको पवित्र जन हुनुहुन्छ भनी मान्नुहुन्छ ?

## ग) सामरीहरूले प्रभु येशूमाथि विश्वास गरेका - यूहन्ना ४:२७-४२

त्यो स्त्रीले प्रभुलाई चिनेपछि के गरी ? यसमा एकछिन ध्यान लगाऔं । उसले खीष्टलाई भेट्टाई, जीवनको पानीको मुहान फेला पारी । उसलेयो कुरा आफ्नो निम्ति मात्र राख्न सकिन, र ऊनी सहरका सबै मनिसहरू सुनाउन गई । के तपाईंले पनि खीष्टलाई यो स्त्रीले जस्तो अरुलाई चिनाउनुहुन्छ ?

१) **क) यो सुनेर त्यो स्त्रीले के गरी ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**अ)**

**आ)**

**ख) आफ्ना मानिसहरूलाई यो स्त्रीले के भनी ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) तब मानिसहरूले गरे ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२) सारा संसारमा परमेश्वरको राज्यको प्रभर भईरहेको हुन्छ । यो काम बीउ छर्नु र कटनी गर्नु जस्तो छ । यी दुबै काम अहिले नै गर्नुपर्छ भन्ने कुरा येशूका चेलाहरूलाई थाह भएन । प्रभुले यस स्त्रीसित बातचित गर्नुभएके परिणाम यही थियो - त्यस सहरका धेरै मानिसहरूले येशूमा विश्वास गरे ।

**क) प्रभुको भोजन के हो ? यसको बारेमा उहाँले आफ्नो चेलहरूलाई के भन्नुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) संसाररुपी खेतको अवस्था कस्तो छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) रमाउने दुईटा कारण लेख्नुहोस् ।** (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**अ)**

**आ)**

३) प्रभु दुई दिन मात्र त्यस सहरमा रहनुभए तापनि धेरैले उहाँमथि विश्वास गरे । जब तपाई प्रभु आफ्नो घर र मनमा स्वागत गर्नुहनछ, तब त्यही समयम नै तपाईंले पनि उहाँमाथि विश्वास गरी पापबाट मुक्ति पाउनुहुन्छ र रमाउन सक्नुहुन्छ ।

**क) त्यस सहरका धेरै मानिसहरूले प्रभु येशूमथि किन विश्वास गरे ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

# प्रभु येशू ख्रीट को हुनुहुन्छ ?

**ख) प्रभुलाई स्वागत गरेको फल के थियो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) तिनीहरूले विश्वासगरेको कारण के थियो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**शमजयपमशप यृशउउ**

**घ) तिनीहरूले त्यस स्त्रीलाई के भने ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**प्रार्थना :** ***हे परमेश्वर, तपाईंको आराधना गर्नलाइ मलाई सृष्टि गर्नुभयो, तर अजसम्म मैले यो ठीक किसिमले गरिनँ । मलाई माफ दिनुहोस् । पापदेखि छुटकारा दिई आत्मादेखि र सत्यता अनुसार तपाईंकै उपासना गर्न मलाई सकाउनुहोस् । आमेन् !***

❖

# kf7 %

## ❖ प्रभु येशू महान् वैद्य हुनुहुन्छ - यूहन्ना ४:४३-५४, ५:१-२९

कुनै न कुनै सयमा मानिसलाई रोग ा बिरामीले सताउँछ नै । कहिल्यै बिरामी नभएकोलाई हामी धन्यको भन्दछौं । यस श्रापित संसारम कसैलाई ज्वरो आउँछ, कसैलाइ कपाल दुख्छ, कसैलाई घाउखटिरा हुन्छ । यो भन्दा पनि खतरा रोगहरू पनि पाइन्छ, जस्तै क्यान्सर, एड्स आदि । यी रोगहरूदेखि के डराउँदैन र ? हाम्रो बीचबाट कति प्रिय जनहरू बिरामी भएर मरे । यसकारण हाम्रो कुनै आफ्नो मानिस बिरामी हुँदा हामीलाई फिक्री लाग्छ । यस्तो समयमा कुनै डाक्टर वा वैद्यकहाँ गई सहायता पायौं भने हामी कति धन्यबादी हुन्छौं । रोगबाट निको हुन कति मानिसहरू आफ्नो सारा सम्पत्ति खर्च गर्नतयार हुन्छन् । तर शरीरको भन्दा त मको रोग ठूलो हो; यो कुरा कसले जानेको छ र ? मनको रोग पाप हो । पापले हामीलाई परमेश्वर, हाम्रो जीवनको मूलबाट अलग पार्छ र आत्मिक मृत्यु ल्याउँछ । यसले गर्दा हाम्रो मन अशान्ति, फिक्री र डरले भरिएको हुन्छ । के यस्ता रोगहरूका लागि कुनै औषधि पाइन्छ ? कहीं कुनै डाक्टर हुन्छ ? यस पाठमा हामी एउटा महा वैद्यको विषयमा अध्ययन गर्नेछौं, जसले शारीरिक रोग मात्र होइन, तर मनको रोगहरू पनि निको पार्न सक्नुहुन्छ ।

### क) प्रभु येशूले राजकर्मचारीको छोरालाई निको पार्नुभयो - यूहन्ना ४:४३-५४

कपर्नहुम भन्ने गाउँमा एकजना कर्मचारीको छोरा सिकिस्त बिरामी थियो । कलिलो उमेरके भए पनि ऊ मर्नै लागेको थियो । प्रभु आउनुभएको कुरा सन्नासाथ बिरामीको बुबाले येशूको सामु बिन्ती चढाए । यसम हामीले ध्यान दिनु के कुरा खाँचो छ भने - हामीले पनि हम्रो रोगसित येशूकहाँ जान सिक्नुपर्छ ।

१) प्रभु येशू गालिल पुग्नुभन्दा अघिनै त्यहाँ उहाँको कीर्ति फैलिएको थियो । निको पार्नेवाला आउनुभएको छ भन्ने कुरा राजकर्मचारीको निम्ति खुशीको खबर थियो, किनभने मर्न लागेको छोराको निम्ति तिनले येशूमा मात्र आशा देखे । हाम्रा

# प्रभु येशू ख्रीट को हुनुहुन्छ ?

पापहरूका निम्ति पनि प्रभु येशू एकमात्र वैद्य अर्थात् मुक्तिदाता हुनुहुन्छ । यसकरण हामी उहाँकहाँ जाऔं र पापबाट शुद्ध होऔं ।

**क) प्रभु येशू फेरि कुन ठाउँमा आउनुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) कपर्नहुममा को बिरामी थियो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) प्रभु अउनुभएको कुरा सुनेर राजकर्मचारीले के गरे ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**अ)**

**आ)**

**घ) तिनको छोरा कहिले बिरामी थियो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२) आज बिरामीहरूके उपचार गर्ने धेरै ठाउँहरू छन्, तर प्रभुको समयमा कुनै ठाउँ थिएन । यसैले रोगीहरूलाई निको हुने कुनै उपाय थिएन । आज पापबाट निको पार्ने प्रभु येशू मात्र हुनुहुन्छ; अरु कोही छैन । यदि हामीले जिउदो मुक्तिदातालाई विश्वाससाथ विन्ती गरचौं भने उहाँले हाम्रो विन्ती सुन्नुहुन्छ र हामीलाई बचाउनुहुन्छ ।

**क) विश्वास नगर्ने ती मानिसहरूलाई प्रभु येशूले के भन्नुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) राजकर्मचारीले प्रभुलाई के विन्ती चढ़ाए ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) प्रभुले तिनलाई के जवाफ दिनुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**घ) प्रभु येशूले भन्नुभएको कुरामा तिनको प्रतिक्रिया के थियो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

३) विश्वासविना परमेश्वरलाई खुशी पार्न असम्भव छ । प्रभुकहाँ आउने हरेक मानिसले उहाँको वचनलाई विश्वास गर्नुपर्छ, चिन्हहरू खोज्नु होइन । राजकर्मचारीले प्रभु येशूमाथि विश्वास गरे र त्यसको फल पाए । तिनको छोरा पूरन रीतिले निको भयो । यो कुरा देखेपछि तिनका सारा परिवारले पनि विश्वास गरे । अनि के तपाईंले विश्वासको फल पाउनुहुन्न र ? अश्य पाउनुहुनेछ ।

**क) तिनका नोकरहरूले के खबर ल्याए ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) तिनको छोरा कुन बेलादेखि निको हुन थाल्यो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

# प्रभु येशू ख्रीट को हुनुहुन्छ ?

**ग) यो सुनेर तिनले के थाह गरे ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**घ) तिनले र तिनका सारा परिवारले के गरे ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

## ख) येशूले अठ्तीस वर्षदेखिको कूँजोलाई निको पार्नुभयो - यूहन्ना ५:१-९

यरुशलेम सहरको बेथेस्दा नाम भएको एउटा दहको छेउमा धेरैमानिसहरू बस्थे । तिनीहरूमध्ये एकजना कूँजो पनि थियो, जो अठतीस वर्षदेखि बिरामी दशामा थियो । उसको आशा त्यस दहमा थियो, किनभने कहिलेकाँही त्यहाँ कुनै अचम्म प्रकारले निको हुने काम भइरन्थ्यो । एक दिन प्रभु येशूले उसलाई खोज्नुभयो,उसाई पस्रिरहेके देख्नुभयो र उसको पूरा दशा जान्नुभयो । त्यतिमै उहाँले उसलाई छोड्नुभएन, तर उसमथि ठूलो दया देखाउँदै उसलाई तुरुन्तै निको पार्नुभयो । निको भएपछि ऊ हिँड्यो तर उसलाई कि पार्ने को हुनुहुन्थ्यो थाह भएन । कति मानिसहरू निको हुन त चाहन्छन्, तर कुनै चीज वा मानिसमाथि आशा राख्छन्. र हरेश खान्छन् । तर हाम्रो दुःखदायी दशा बुझ्ने र जान्ने प्रभु येशू हुनुहुन्छ । उहाँ पापीहरूलाई खोज्न र बचाउन अउनुसभयो । उहाँमथि भरोसा गर्ने कोही पनि शर्ममा पर्नेछैन ।

१) बेथेस्दा भनेको कृपादह हो । यहाँ सबै रोगीहरू कृपा पाउने आशामा बसेका हामी देख्छौं । के तपाईं पनि कहीँबाट आफ्नो दुःखी जीवनको लागि कृपा पाउ खोज्नुहुन्छ ? यसो हो भने तपाई.को लागि यहाँ एउटा ठूलो, तर पालन गर्न सजिलो शिक्षा छ ।

**क) त्यसपछि प्रभु येशू कहाँ जानुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) धेरै बिरामीहरू भएको ठाउँको नाम के थियो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) कुन कुन किसिमका मानिसहरू त्यहाँ पस्रिरहेका थिए ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**अ)**
**आ)**
**इ)**
**ई)**

२) धेरै समयसम्म आशा गरेको चिज नपाउँदा हमी निराश हुन्छौं । तर येशूमा सधैं आशा राख्न सकिन्छ, किनकि हामी मनिसप्रति उहाँको दया र प्रेम ठूलो छ । उहाँको शक्तिबाहिरको कुनै समस्या वा स्थिति हुँदैन । उहाँ तपाईंलाई जुनसुकै स्थितिमा सहायता गर्न सक्नुहुन्छ । प्रभु परमेश्वरको प्रतिज्ञा यस प्रकारको छ - ***सङ्कष्टको दिन मलाई पुकार, म तिमीलाई बचाउनेछु र तिमीले मुरो प्रशंसा गर ।***

**क) प्रभु येशूले कसलाई देख्नुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) प्रभु येशूले यसलाई के सोध्नुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) त्यस रोगीको निको हुने आशा किन हराएको थियो ?** (ठीक जवाफमुनि धर्का कोर्नुहोस्)

# प्रभु येशू ख्रीट को हुनुहुन्छ ?

उसका इच्छा थिएन / उसलाई मौका मिलेको थिएन

३) दहमा समय समयमा मात्र पानी छचल्किन्थ्यो र पानभित्र पहिला पस्न सक्ने व्यक्ति मात्र निको हुन्थ्यो । प्रभु येशूकहाँ हामी सधैं जान पाउँछौं । उहाँले हामी सबैलाई प्रेमसाथ यो निम्तो दिनुहुन्छ - ***' हे सबै परिश्रम गर्ने र बोझले दबिएकाहरूहो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु ।'*** उहाँको निम्तो स्वीकार गर्नुहोस् ।

**क) प्रभुले उसलाई के गर्ने आज्ञा दिनुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) त्यस रोगीलाई के भयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) उसले के गऱ्यो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

## ग) प्रभु येशू जीवन दिने महान् वैद्य - यूहन्ना ५:१०-२९

प्रभु येशूले आफ्नो विषयमा के भन्नुहुन्छ, यो हेरौं । के हामीले उहाँलाई आफूले बोल्नुभएका वचनबाट चिन्छौं ? होइन भने हामी उहाँलाई आफूले देखानुभएका अचम्मक कामहरूबाट चिन्न सक्छौं । हामी उहाँमा दोष नखोजौं, तर उहाँलाई चिन्ने प्रयास गरौं ।

१) विश्राम दिन नमानेको दोष प्रभुमाथि लगाइयो । आफ्नो धर्मविधिले गर्दा मानिसहरूले उहाँलाई मार्न खोजे । तर भन्नुहोस्, के यसो गर्न उचित थियो ? के तिनीहरूले निको भएको मानिससित रमाउनु र प्रभु येशूलाई धन्यबाद चढ़ाउनु पर्दैनथ्यो ? विश्रामदिन त धन्यबाद चढ़ाउनको लागि दिइएको थियो ।

**क) विश्रामदिनमा त्यो मानिसले किन आफ्नो ओछ्यान बोक्यो ?**

**उसले धर्मविधि पालन गऱ्यो / उसले प्रभुको वचन पालन गऱ्यो**

(ठीक जवाफमुनि धर्का कोर्नुहोस्)

ख) पापको कारणले धेरै मानिसहरू बिरामी हुन्छन् ।

**प्रभुले निको भएको मानिसलाई फेरि भेट्टाएपछि कुन चेतावनी दिनुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) यहुदीहरूले किन प्रभु येशूलाई खेदेका थिए ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

२) प्रभु आफ्नो पक्षमा बोल्नुहुँदा तिनीहरूले अझ ठूलो दोष भेट्टाए । यस बिरामीप्रति देखाउनुभएको दयाको काम नदेखेर हामी पनि आफ्नो धर्मको निम्ति मात्र जोशिला होऔं । यसो गर्दा हामी त परमेश्वरको विरोध गर्न पुग्छौं भन्ने डर छ । यसकारण होशियारी होऔं, नत्र हामी ठूलो भूल गर्छौं ।

**क) प्रभुले विश्रामदिनमा काम गर्नुभएको कारण के बताउनुभयो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

# प्रभु येशू ख्रीट को हुनुहुन्छ ?

**ख) कुन कारणले यहूदीहरूले उहाँलाई झन् मार्न खोजे ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) परमेश्वर पिताबाट अलग रहेर प्रभु येशूले कुनै काम गर्नुहुन्न । उहाँ के गर्नुहुन्छ ?**

**घ) परमेश्वर पिताले कसलाई प्रेम गर्नुहुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ङ) यसको फलस्वरुप के हुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**च) हामीलाई छक्क पार्नलाई उहाँ के देखाउनुहुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**छ) परमेश्वरले देखाउनुहुने सबैभन्दा ठूलो काम के हो ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ज) सम्पूर्ण न्याय परमेश्वर पिताले प्रभु येशूलाई किन सुम्पिनुभएको छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**झ) प्रभु येशूलाई आदर नगर्ने व्यक्तिले कसको आदर गर्दैन ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**३)** प्रभुका अचम्मका काम देखेर छक्क पर्न सकिन्छ, किनभने ती अद्‌भुत हुन्छन् । उहाँले रोगीहरूलाई निको मात्र पार्नु मात्र होइन, तर मरेकाहरूलाई पनि बौराउनुभयो । यो अधिकार प्रभु येशूले परमेश्वर पिताबाट पाउनुभयो; किनभने सबै कुरामा उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने प्रमाण दिँदै आउनुभयो । बिगार्न वा नाश गर्न सजिलो छ । जो पनि यस्तो काम गर्न सक्छ । तर परमेश्रले मात्र जीवित पार्न सक्नुहुन्छ; उहाँसँग मात्र जीवन दिने सामर्थ्य छ । के प्रभु येशू परमेश्वर हुनुहुन्न ? विचार गर्नुहोस् ।

**क) अनन्त जीवन कसले पाउँछ ?** (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) अनन्त जीवन पाएको व्यक्तिलाई के के नतिजा हुन्छ ?** (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**आ)**

**आ)**

# प्रभु येशू ख्रीट को हुनुहुन्छ ?

४) हामीले शुरुमा हेऱ्यौं - संसारमा अनेकौं शरीरका रोगहरू मात्र हुँदैनन्, तर मनका रोगहरू पनि हुन्छन् । शरीरको बिरामीभन्दा त आत्माको बिरामी खतरा हुन्छ । शरीरको रोगले मृत्युमा पुऱ्याउँछ भने पापले आत्मिक मृत्यु ल्याउँछ र हामीलाई नरकमा पुऱ्याउँछ । थोरै मानिसहरूमा यो ज्ञान छ । हाम्रो आत्मा पापले गर्दा मरेको छ भन्ने कसले जानेको छ ? यदि हामी यस जीवनमा प्रभुको जीवन दिने वचन सुन्दैनौं भने हामी कसरी जिउने ? हामीमा जीवन हुँदैन । जीवन प्रभु येशूमा छ । जससँग प्रभु येशू हुनुहुन्छ, ऊसँग जीवन छ ।

**क) अहिले कसले प्रभु येशूको सोर सुन्छन् ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) सुन्नेहरूलाई के हुन्छ ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ग) उनीहरू किन जिउँदा हुन्छन् ?** (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

५) ठीक छ - हामी अहिले येशूलाई वास्ता गर्दैनौं, उहाँको वचनमा ध्यान पन दिँदैनौं, तर एकदिन आउँछ, जब मरेकाहरू सबैले प्रभुको सोर सुन्नेछन् र न्यायको निम्ति बौरी उठ्छन् । तब प्रभु येशू न्याय आसनमा बस्नुभएको हामी देख्नेछौं र न्याय दिने अधिकार उहाँलाई दिइएको छ भनी हामी बुझ्नेछौं । त्यस दिन हामी जीवनको निम्ति बौरिनेछौं कि दण्ड पाउनको निम्ति ? यो गम्भीर प्रश्न हो । प्रभु येशूमाथि विश्वास गरेर अनन्त जीवनको दान पाएको व्यक्तिले खुशीसाथ त्यस दिनको बाटो हेर्छ, किनभने ऊ न्यायमा पर्नेछैन, तर जीवनमा सरिसकोको हुन्छ ।

**क) कुन कुराम अचम्म मान्नुहुँदैन ?** (आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**ख) दुई किसिमको बौरीउठाइ हुन्छन् । ती के के हुन् ?**(आफ्नो जवाफ तल टाइप गर्नुहोला)

**अ)**

**आ)**

**ग) यूहन्ना ५:२४ पदलाई कण्ठस्थ गरी तल खाली ठाउँमा लेख्नुहोस् ।**

## प्रार्थना :

***हे प्रभु येशू, तपाई जीवन दिने वैद्य हुनुहुन्छ । म तपाईंकहाँ आउँछु, किनभने मैले तपाईंके वचन पढेर तपाईंको सोर सुनें । म बिरामी छु, म दुःखी छु, किनकि मैले धेरै पाप गरें । म दण्ड पाउने योग्यके छु । यसकारण न्यायको दिन तपाईंको सामु उभिन सक्दिनँ । मेरम सबै पापहरू क्षमा गर्नुहोस् र ममाथि दया गर्नुहोस् । मलाई जीवनको दान दिनुहोस् । धन्यबाद !***

**ध्यान :**

प्रभु येशूले भन्नुभयो -'हे सबै परिश्रम गर्ने र बोझले दबिएकाहरूहो, मकहाँ आओ, र म तिमीहरूलाई विश्राम दिनेछ । मेरो जुवा अफूमाथि राख, र मबाट सिक, किनभने म नम्र र हृदयमा विनय छु; अनि तमीहरूले आफ्नो मनको लागि विश्राम पाउनेछौ ।

'हे सबै तिर्खाउनेहरूहो, पानीनिर आओ; जससँग पैसा छैन तिनीहरू पनि आओ, किन र खाओ । हो, आओ, विनापैसा र विनादाम दाखमद्य र दूध किन । जुन कुरा खानेकुरा होइन, त्यसको निम्ति तिमीहरू किन खर्च गर्दछौ ? मेरो कुरा ध्यासित सुन र जे असल छ, त्यही खाओ, स्वादिष्ट भोजन खाएर आफूलाई तृप्त पार । तिमीहरूको का लगाओ । मकहाँ आओ; सुन र तिमीहरूको मन जिउनेछ ।'

प्रभुलाई जबसम्म फेला पार्न सकिन्छ, यहाँको खोजी गर; उहाँ नजिक हुनुहुँदा नै उहाँलाई पुकार गर ।

परमेश्वर भन्नुहुन्छ - सङ्कष्टको दिन मलाई पुकार, म तिमीलाई बचउनेछ; र तिमीले मेरो प्रशंसा गर ।

# प्रभु येशू ख्रीष्ट को हुनुहुन्छ ?

❖